# नेपाल : लैङ्गिक दृष्टिकोणमा सङ्क्रमणकालीन न्याय संयन्त्रहरू

संक्षिप्त टिप्पणी पत्र

मे २०२१



icj
International Commission of Jurists

संसारभरका सबै क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी ६० जना ख्यातिप्राप्त न्यायाधीश तथा वकिलहरु सम्मिलित इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आईसिजे) ले आफ्नो विशिष्ठ कानुनी दक्षताको प्रयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय न्याय प्रणालीको विकास र प्रवर्द्धन गर्दै कानुनको शासनको माध्यमबाट मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दछ । सन् १९५२ मा स्थापित भई पाँच वटा महादेशमा सक्रिय रहेको आईसिजेको उद्देश्य अन्तर्राष्ट्रिय मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको क्रमिक विकास र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु; नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुलाई आत्मसात गराउनु, शक्तिपृथकीकरणको सिद्धान्तको संरक्षण गर्नु र न्यायपालिका तथा  तथा कानुनव्यवसायको स्वतन्त्रताको प्रत्याभूति दिलाउनु हो ।

® नेपाल : लैङ्गिक दृष्टिकोणमा सङ्क्रमणकालीन न्याय संयन्त्रहरू - संक्षिप्त टिप्पणी पत्र

© इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आईसिजे)
प्रकाशित जुलाई २०२१

इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आईसिजे) ले आफ्नो प्रकाशनबाट कुनै पनि अंशहरुको प्रकाशन गर्न अनुमति दिन्छ । उक्त अंशको प्रकाशनको लागि आईसिजेको नाम उल्लेख गर्नुपर्छ र उक्त अंश समावेश गरिएको प्रकाशनको एक प्रति आईसिजेको मुख्यालयको तल दिइएको ठेगानामा पठाउनु पर्छ ।

इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स

पो.व.नं. १२७०
रुई डेस बुइस ३
सिएच १२११ जेनेभा १
स्विट्जरल्याण्ड
फोन : +४१२२९७९३८००
फ्याक्स : +४१२२९७९३८०१
वेभसाइट : www.icj.org

This report was made possible with the support of the government of Sweden

# नेपाल : लैङ्गिक दृष्टिकोणमा सङ्क्रमणकालीन न्याय संयन्त्रहरू

संक्षिप्त टिप्पणी पत्र

मे २०२१

# विषयसूची


परिचय........................................................................................................१

पृष्ठभूमि ........................................................................................................३

कार्यादेश........................................................................................................ ५

सहभागिता .................................................................................................... ७

यौनिक तथा लैङ्गिक हिंसाको अनुसन्धान र अभियोजन........................................................ ९

फौजदारी न्याय संयन्त्रको प्रयोगबारे स्पष्टताको अभाव.....................................................१०

हदम्याद........................................................................................................११

आममाफी......................................................................................................१२

उपचार तथा परिपूरण .........................................................................................१३

लैङ्गिक सवालहरूबारे सचेतना र तालिम.......................................................................१५

प्रतिवेदन लेखन र प्रचारप्रसार...................................................................................१६

निष्कर्ष तथा सिफारिस ........................................................................................१७

## परिचय

नेपालमा २०५२ साल फाल्गुनदेखि २०६३ साल मंसिर (सन् १९९६ देखि २००६) सम्म भएको सशस्त्र द्वन्द्वमा सरकारको तात्कालीन शाही नेपाली सेना तथा अन्य सुरक्षा फौज र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) दुवै पक्षबाट अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अपराध ठहरिने गम्भीर मानवअधिकार उल्लङ्घन र दुर्व्यवहारका घटनाहरू घटित भए। यी ज्यादतिहरूमा गैरकानुनी हत्या, जवरजस्ती वेपत्ता पार्ने कार्य, यातना र बलात्कार तथा अन्य यौनजन्य हिंसा लगायतका दुर्व्यवहारहरू समावेश छन्। मानवअधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयले ८ अक्टोबर २०१२ मा सार्वजनिक गरेको नेपाल द्वन्द्व प्रतिवेदन अनुसार एक दशक लामो सशस्त्र द्वन्द्वमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका लगभग ९ हजार घटनाहरू घटित भएको आशंका गर्नसकिने आधारहरू रहेका छन्। अनुमानित १३ हजार जना व्यक्ति मारिए भने कम्तीमा पनि १३०० जनालाई जबर्जस्ती वेपत्ता पारियो। यी मध्ये धेरैको अवस्था आजसम्म पनि अज्ञात नै रहेकोछ।[1]

सन् २००६ नोभेम्बर २१ (वि.सं. २०६३, मंसीर ५ गते) मा हस्ताक्षर भएको विस्तृत शान्ति सम्झौतामार्फत सशस्त्र द्वन्द्वको अन्त्य भएको थियो, जसमा द्वन्द्वरत पक्षहरूले द्वन्द्वको क्रममा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरुको सत्यको उजागर गर्ने, दण्डहीनतालाई सम्बोधन गर्ने र द्वन्द्व पीडितहरूलाई राहत सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। त्यसपछिका बर्षहरूमा संक्रमणकालीन न्याय प्रक्रियाको रुपमा विभिन्न कार्य तथा प्रयासहरू भए। तर नेपालको सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय मापदण्डहरूसँग असंगत हुने संयन्त्र तथा प्रक्रिया मार्फत न्याय निरुपण हतारमा गराउने प्रयासहरू गरिएको लगायतका कारणले जवाफदेहिता र परिपूरणका उद्देश्यहरू छायाँमा परेका छन् र सो प्रक्रिया अवरुद्ध हुन पुगेको छ।[2]

महिलाहरूको अवस्था, विशेषगरी लैङ्गिकतामा आधारित उल्लङ्घन सम्बन्धी गुनासाहरूका बारेमा पर्याप्त रुपमा सम्बोधन गर्न असफल हुनु संक्रमणकालीन न्याय संयन्त्रहरूका विभिन्न कमीकमजोरीहरू मध्येको एउटा कमजोरी हो। समग्रमा, यी प्रक्रियाहरूले द्वन्द्व कै मूल मुद्दाका रुपमा रहेको महिलाहरूको सीमान्तकृत अवस्थालाई नै बढावा दिने काम गरेका छन्।

पुरुषहरू सरह महिलाहरूले सामाजिक र राजनीतिक पात्र दुवैका रुपमा द्वन्द्वमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। द्वन्द्वको समयमा उल्लेखनीय सङ्ख्यामा महिलाहरू स्वेच्छाचारी रुपमा पक्राउ र थुनामा परेका, यातना र दुर्व्यवहारका साथै बलात्कार र अन्य यौनजन्य हिंसा तथा गैरकानुनी हत्याको शिकार बन्न पुगे।

---

1 मानवअधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय, नेपाल द्वन्द्व प्रतिवेदन, अक्टोबर २०१२, available at https://www.ohchr.org/Documents/Countries/NP/OHCHR_Nepal_Conflict_Report2012.pdf

2 Human Rights and the Rule of Law in a Federal Nepal: Recommendations from and ICJ High-Level Mission, July 2020, available at https://www.icj.org/wp-content/uploads/2020/08/Nepal-High-level-mission-Publications-Reports-misson-reports-2020-ENG.pdf; Nepal Transitional Justice Advocacy Analysis, Preliminary Comments on Draft Bill to Amend the Act on Commission on the Investigation of Disappeared Persons, Truth and Reconciliation 2014, June 2018, available at https://www.icj.org/wp-content/uploads/2018/07/Nepal-Transitional-Justice-Advocacy-Analaysis-brief-June-2018-ENG.pdf; Achieving Justice for Human Rights Violations in Nepal, Baseline Study, October 2017, ICJ Global Redress and Accountability Initiative, available at https://www.icj.org/wp-content/uploads/2017/10/Nepal-GRA-Baseline-Study-Publications-Reports-Thematic-reports-2017-ENG.pdf; 'Justice Denied: The 2014 Commission on Investigation of Disappeared Persons, Truth and Reconciliation act', May 2014, at URL https://www.icj.org/wp-content/uploads/2014/05/Nepal-TRC-Act-Briefing-Paper.pdf

यस्ता दुर्व्यवहारहरू प्रायः कुनै एक पक्षसँग आवद्ध भएको वास्तविकता वा आंशकाका कारण वा माओवादी वा सरकारी सुरक्षा फौजका सदस्य र/वा परिवारका सदस्य भएका कारणले उनीहरू विरुद्ध भएका थिए। हत्या गरिएका, वेपत्ता पारिएका वा यातना दिइएका व्यक्तिका परिवारका महिला सदस्यहरूले पनि पीडाकष्ट सहनुपर्‍यो किनभने आफ्ना परिवारका सदस्यहरूका लागि सत्य र न्यायको खोजी गर्नुका साथै परिवारको घरमूलीको जिम्मेवारीको भार पनि उनीहरूले बहन गर्नुपर्‍यो। परम्परागत भूमिका भन्दा अलग महिलाहरू सशस्त्र द्वन्द्वमा लडाकुका रुपमा पनि संलग्न भएका थिए।

यद्यपि, नेपालमा भएको शान्ति-वार्ताहरूमा र अन्ततः विस्तृत शान्ति सम्झौतामा समेत महिलाहरूको अर्थपूर्ण सहभागिता हुन सकेन। शान्ति सम्झौतामा हस्ताक्षर गरे पश्चात द्वन्द्व पीडितहरूको तत्कालका आवश्यकताहरूलाई सम्वोधन गर्नका लागि सरकारले राहतका विभिन्न कार्यक्रमहरू ल्याएको भएतापनि बलात्कार तथा अन्य यौनजन्य हिंसा, यातना र दुर्व्यवहारका पीडितहरूलाई सरकारको सो कार्यक्रमबाट बाहिर पारियो।[3] साथै, महिला लडाकुहरूको पुनःस्थापना र पुनर्एकीकरणलाई पूर्ण रुपमा उपेक्षा गरियो। त्यसैगरी, कानुन र नीति निर्माण प्रक्रियामा महिलाहरूको सहभागिता पनि हासिल गरिएको छैन। द्वन्द्वमा महिलाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको भएतापनि त्यसपछिको समयमा भने उनीहरूलाई पाखा लगाउने काम भयो।

द्वन्द्वको क्रममा र द्वन्द्व पछिको समयमा महिलाहरूले गरेका नवीन अनुभवहरूको परिप्रेक्ष्यमा नेपालका सङ्क्रमणकालीन न्याय प्रक्रियाहरूमा लैङ्गिक रुपमा संवेदनशील अवधारणा अवलम्वन गरिनु अपरिहार्य छ। यो मानवअधिकार उल्लङ्घन तथा ज्यादतिहरूको विभिन्न कारण तथा परिणामहरू र पुरुष तथा महिलामाथि पार्ने फरक प्रभाव बुझ्न र लैङ्गिकमैत्री सङ्क्रमणकालीन न्यायसम्बन्धी कार्यक्रमहरूको निर्माण तथा कार्यान्वयनलाई सहजीकरण गर्न महत्वपूर्ण छ।

सन् २०११ मा संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्ले सत्य, न्याय, परिपूरण, र नदोहोरिने कुराको सुनिश्चितता सम्बन्धी विशेष समाधिक्षकको कार्यादेश स्थापित गर्दा आफ्नो काममा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्नुपर्ने स्पष्ट निर्देशन दिएको थियो।[4] विशेष समाधिक्षकको १७ जुलाई २०२० को प्रतिवेदनमा मानवअधिकारको गम्भीर उल्लङ्घनहरूको सामना गरेका राज्यहरूले लैङ्गिक रुपमा जवाफदेही सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको अवलम्बन गर्ने दायित्व रहेको कुरामा पनि जोड दिएको छ।[5] मानवअधिकार परिषद्ले आफैं पनि पटक-पटक सङ्क्रमणकालीन न्याय प्रक्रियासम्बन्धी सबै क्रियाकलापहरूमा लैङ्गिक दृष्टिकोण पूर्ण रुपले अवलम्वन गरिनुपर्छ भन्ने कुरामा जोड दिंदै आएकोछ।[6]

नेपाल सरकारले २०७१ साल माघमा सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको स्थापना गर्‍यो।[7] सत्य निरुपण तथा मेलमिलाप आयोगससम्बन्धी ऐन र सत्य निरुपण

---

3 नेपाल सरकारले द्वन्द्व पीडितहरुलाई अन्तरिम राहत प्रदान गर्न विभिन्न निर्देशिका, आदेश र अन्य मापदण्डहरु तर्जुमा गरेको तर यौनजन्य तथा लैङ्गिक हिंसा लगायत यातना र बलात्कारका पीडितहरुलाई सरकारले सो कार्यक्रमहरुमा समावेश गरेको छैन।

4 Human Rights Council, Eighteenth Session, Resolution on the Special Rapporteur on the promotion of truth, justice, reparation, and guarantees of non-recurrence, A/HRC.RES/18/7 (2011), para. 1 (j), available at: https://digitallibrary.un.org/record/713605.

5 A/75/174, available at https://digitallibrary.un.org/record/3883379?ln=en.

6 Human Rights Council Resolution on human rights and transitional justice, A/HRC/RES/21/15 (2012), Preamble; Note by the Secretary General, Gender Perspective in Transitional Justice, Seventy-Fifth Session, A/75/174, 17 July 2020, available at https://digitallibrary.un.org/record/736865.

7 सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन वि.सं. २०७१ साल माघ २७ गते दुई बर्षको कार्यकालका लागि भएको थियो। दुई बर्षपछि वि.सं. २०७३ साल माघमा कार्यकाल एक बर्षका लागि थप भयो र

तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगसम्बन्धी नियमावलीहरूको अन्तर्राष्ट्रिय मापदण्डको परिपालनको समिक्षा गरी इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आईसीजे) ले नेपाल सरकारलाई ऐन र नियमावलीमा संशोधन गरी नेपालको अन्तर्राष्ट्रिय दायित्व पुरा गर्न सिफारिस गरेको छ ।[8] यो संक्षिप्त टिप्पणी पत्रमा आईसीजेले न्याय र परिपूरणका लागि सङ्घर्षरत पीडित, विशेष गरी महिला पीडितहरूका आवश्यकताहरूलाई संवोधन गर्नको लागि आवश्यक समष्टिगत (Holistic) तथा प्रभावकारी सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको प्रवर्द्धन गर्ने उद्देश्यले वेपत्ता पारिएका व्यक्तिको छानविन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली तथा बेपत्ता पारिएका व्यक्तिको छानविन सम्बन्धी नियमावली २०७२ को लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गरेको छ । यी सिफारिसहरू द्वन्द्वमा र द्वन्द्व पछिको समयमा महिलाहरुले भोग्नु पर्ने पृथक अनुभवहरूमा प्रत्यक्ष रुपमा आधारित भएको हुनाले यी निष्कर्षहरूले लैङ्गिक रुपमा संवेदनशील उपचार र परिपूरणका प्रक्रियाहरूलाई प्रवर्द्धन गर्नेछ भन्ने आईसिजेले विश्वास लिएकोछ ।

## पृष्ठभूमि

सरकार र तत्कालीन विद्रोही, नेकपा (माओवादी) बीच हस्ताक्षर भएको विस्तृत शान्ति सम्झौतामा द्वन्द्वको क्रममा भएको मानवअधिकारको गम्भीर उल्लङ्घन र मानवता विरुद्धको अपराधको अनुसन्धान गर्नको लागि सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो ।[9] अन्तरिम संविधान, २०६३ ले पनि उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको स्थापनाको आवश्कतामाथि जोडदिदै उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको स्थापना गर्नु राज्यको दायित्व भएको कुरा संविधानको एउटा धारामा उल्लेख गरिएको थियो ।[10] सर्वोच्च अदालतले पनि दुईवटा सङ्क्रमणकालीन न्याय संयन्त्रहरू : (१) सत्य निरुपण तथा मेलमिलाप आयोग (सत्य आयोग); र (२) वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग (बेपत्ता आयोग) को स्थापना गर्न भनी सरकारलाई पटक-पटक आदेश जारी गरेको छ ।[11]

नेपाल सरकारले सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापना गर्ने सन्दर्भमा धेरै प्रयासहरू गरेतापनि अन्तर्राष्ट्रिय मापदण्ड र लैङ्गिक दृष्टिकोणलाई उचित ध्यान दिन भने सकेको पाइदैन । सत्य निरुपण तथा

---

पुनः २०७४ साल माघ ६ गते अध्यादेशद्वारा अर्को एक बर्षका लागि आयोगहरुको कार्यकाल थप गरियो । साथै २०७५ साल चैतसम्ममा दुवै आयोगहरुमा नयाँ आयुक्तहरुको नियुक्ति गरिने प्रतिबद्धता व्यक्त गरियो (आयुक्तहरुको कार्यकाल २०७५ साल चैत ३० गतेसम्म थियो) । दुवै आयोगका आयुक्तहरुको कार्यकाल २०७५ चैत ३० मा समाप्त भयो र तत्पश्चात दुवै आयोहरुमा २०७६ साल माघमा नयाँ आयुक्तहरुको नियुक्ति गरी आयोगको कार्यकाल २०७८ साल असार ३१ गतेसम्मका लागि बढाइयो ।

8 Justice Denied: the 2014 Commission on Investigation of Disappeared Persons, Truth and Reconciliation Act, Briefing Paper, ICJ, May 2014 available at: https://www.icj.org/wp-content/uploads/2014/05/Nepal-TRC-Act-Briefing-Paper.pdf; Analysis of TRC and CoID Regulations, 2016, Briefing Paper, ICJ, April 2017.

9 विस्तृत शान्ति सम्झौताको धारा ५.२.५ मा “दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपपण तथा मेलमिलाप आयगको गठन गर्न सहमत छन्,” भनी उल्लेख छ ।

10 नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (ध), राज्यको दायित्व अन्तर्गत, “सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने” भन्ने उल्लेख गरिएको छ ।

11 राजेन्द्रप्रसाद ढकालका तर्फबाट रविन्द्रप्रसाद ढकाल समेत विरुद्ध नेपाल सरकार, नेपाल कानुन पत्रिका २०६३, अङ्क ३, निर्णय नं ७८१७, माधवकुमार बस्नेत समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय, नेपाल कानुन पत्रिका २०७०, अङ्क ९, निर्णय नं ९०६१ .

मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको स्थापना गर्न विधेयकहरू फेब्रुवरी २०१० मा संसद्मा पेश गरिएको थियो र त्यसपछि ती विधेयकहरु माथि विभिन्न सरोकारवालाहरूबीच छलफल भयो । ती परामर्शहरूमा विधेयकमा लैङ्गिक दृष्टिकोण कसरी समावेश गर्ने भन्नेबारेमा केही सल्लाह सुझावहरू प्रस्तुत गरिए । यद्यपि, लैङ्गिक हिंसाको अनुसन्धान र अभियोजन गर्ने लगायतका अन्य विषयहरुमा सहमती गर्न राजनीतिक दलहरू सअफल हुँदा ती विधेयकहरू कहिल्यै जारी भएनन् ।

ती दुई विधेयकहरू संसदमा विचाराधीन रहेको अवस्थामा प्रधानमन्त्रीले मे २०१२ मा संसद् विघठन गरे । त्यसपछि सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी अध्यादेश, २०६९ जारी भयो, जसमा बलात्कार र अन्य यौनजन्य हिंसाका मुद्दाहरूमा आममाफी र मेलमिलाप नहुने व्यवस्था गरी अभियोजन गरिनुपर्ने व्यवस्था रहेको अघिल्ला विधेयकहरूका प्रावधानहरू हटाइयो । आममाफी र 'जबर्जस्ती मेलमिलाप' को व्यवस्था लगायतका अध्यादेशका विभिन्न प्रावधानहरू विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर भयो । २०७० साल पौष १८ गतेका दिन सर्वोच्च अदालतले सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेश, २०६९ लाई नेपालको संविधान, अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र सर्वोच्च अदालतका विगतका आदेशहरूको भावना विपरित रहेको ठहर गऱ्यो ।[12]

त्यसपछि सरकारले वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप अयोग ऐन, २०७१ जारी गऱ्यो । यस ऐनले आयोगहरूलाई सशस्त्र द्वन्द्वको समयमा भएका मानवअधिकारको गम्भीर उल्लङ्घन र मानवता विरुद्धको अपराधका घटनाहरूको अनुसन्धान गर्ने, गम्भीर अपराधमा संलग्न रहेका व्यक्तिहरुका विरुद्ध कारवाहीको सिफारिस गर्ने, दिगो शान्ति र मेलमिलापको वातावरण सिर्जना गर्ने र पीडितहरूका लागि परिपूरणको सिफारिस गर्ने कार्यादेश प्रदान गरेको छ ।[13]

तथापि, यस ऐनले सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेश, २०६९ को मुख्य अंश र गम्भीर अपराधमा क्षमादान दिने लगायतका अध्यादेशमा भएका प्रमुख कमीकमजोरीहरूलाई दोहोऱ्याएको छ, जसलाई २०७० साल पौष १८ मासर्वोच्च अदालतले खारेज गरि दिएको थियो । बलात्कार र यौनजन्य हिंसाका मुद्दामा आममाफीलाई ऐनमा हटाइएको भएपनि जवाफदेहितालाई उपेक्षा गर्दै बलात्कार र अन्य गम्भीर उल्लङ्घनका घटनाहरूमा पीडित र पीडकबीच 'मेलमिलाप' को हुन सक्ने अवस्था प्रर्वद्धन् र व्यवस्था गर्ने कार्यलाई यो ऐनले निरन्तरता दिएको छ । फलस्वरुप, सो ऐन विरुद्ध २३४ जना द्वन्द्व पीडितहरूले सर्वोच्च अदालतमा मुद्दा दायर गरे । अदालतले ऐनका केही प्रावधानहरू असंवैधानिक र अन्तर्राष्ट्रिय कानुन विपरित रहेको ठहर गर्दै सो कानुनलाई अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतका विगतका फैसलाहरू अनुरुप संशोधन गर्न सरकारलाई आदेश दिएको थियो ।[14]

सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन, २०७१ सर्वोच्च अदालतमा विचारधीन रहेको अवस्थामा २०७१ साल माघ २७ मा सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोग; र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नामक दुईवटा सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको गठन गऱ्यो । सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले यसको गठन र कार्य सञ्चालन दुवै हिसाबले अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्दैनन् । नेपालको सर्वोच्च अदालतको आदेश अनुरुप सो ऐनलाई संशोधन

---

12 माधवकुमार बस्नेत समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय, नेपाल कानुन पत्रिका, २०७० अङ्क ९, निर्णय नं ९०६१ ।

13 प्रस्तावना, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन, २०७१ ।

14 सुमन अधिकारी समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय समेत, नेपाल कानुन पत्रिका, २०७३, अङ्क ६, निर्णय नं ९६१२ ।

गर्नमा सरकारको असफलता[15] र दुवै आयोगहरूको गैरपरामर्शजन्य र अपारदर्शी शैलीका कारण मुख्य सरोकारवालाहरू, विशेषगरी द्वन्द्व पीडितहरूमा, अविश्वास सिर्जना गर्ने काम गरेको छ। पाँच बर्ष भन्दा बढी समय व्यतित गरिसके पश्चात तथा मानवअधिकार उल्लङ्घन र ज्यादतिसम्बन्धी ६३ हजार भन्दा बढी उजुरी[16] संकलन गरिसके पश्चात पनि दुवै आयोगहरूले आजसम्म एउटा पनि मुद्दाको प्रभावकारी अनुसन्धान गर्न नसक्नु ठूलो चिन्ताको विषयको रुपमा रहेको छ।

यसका अतिरिक्त, नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियामा लैङ्गिक दृष्टिकोणलाई धेरै हदसम्म उपेक्षा गरिएको छ। सङ्क्रमणकालीन न्यायको प्रक्रियामा लैङ्गिक दृष्टिकोण लागु गर्नुको अर्थ व्याख्या गर्दै, अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसीसी) का अभियोजनकर्ताको कार्यालयले आफ्नो कामको प्रयोजनका लागि "लैङ्गिक दृष्टिकोण" भन्नाले "पुरुष र महिलाहरूबीच हैसियत, शक्ति, भूमिका र आवश्यकताहरूबीचको भिन्नता, र व्यक्तिको अवसर तथा अन्तर्क्रियाहरूमा लैङ्गिकताको प्रभाव बुझ्न आवश्यक हुन्छ" भनी उल्लेख गरेको छ। यस्तो बुझाई भएमा घटित भएका अपराधहरूका साथै सम्बन्धित समाजका व्यक्ति र समुदायहरूको अनुभवहरूको अझ राम्रो बुझाई हुने कुरामा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसीसी) का अभियोजनकर्ताको कार्यालय विश्वास व्यक्त गर्दछ।[17]

## कार्यादेश

सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यादेशहरू मध्ये एउटा भनेको सत्यको स्थापना गर्नु हो। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्ले मान्यता प्रदान गरेको यो सत्यको अहरणीय अधिकार[18] लाई दण्डहीनता विरुद्ध लड्ने कार्यमार्फत मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी राष्ट्रसङ्घीय सिद्धान्तहरू (युएन इम्प्यूनिटी प्रिन्सिपल्स्) को सिद्धान्त नं २ अनुरुप देहाय अनुसार परिभाषित गरिएको छ :

"जघन्य अपराधसम्बन्धी विगतमा घटेका घटनाहरूको सत्यतथ्य र व्यापक वा नियोजित उल्लङ्घनहरूमार्फत ती अपराधहरू घटाइनु पछाडि रहेका परिस्थिति र कारणहरूबारे जान्न पाउने हरेक व्यक्तिको अहरणीय अधिकार हुन्छ। सत्यको अधिकारको पूर्ण तथा प्रभावकारी अभ्यासले उल्लङ्घनहरूको पुनरावृत्ति विरुद्ध महत्वपूर्ण सुरक्षा प्रदान गर्छ।"

त्यसैगरी सिद्धान्त नं ४ ले "कानुनी कार्यविधि जे-जस्तो भएपनि उल्लङ्घनहरू भएको परिस्थितिबारे र मृत्यु वा वेपत्ताको घटनामा पीडितको अवस्थाबारे सत्यतथ्य जान्न पाउने पीडित तथा तिनका परिवारहरूको अहरणीय अधिकार हुन्छ" भन्ने कुरालाई पुनर्पुष्टि गर्छ।

सत्यको अधिकारको सामाजिक आयाम पनि छ। यस सन्दर्भमा, सिद्धान्त नं. ५ ले "व्यापक वा नियोजित रुपमा जघन्य अपराधहरूको सामना गरेका समाजहरूले ती उल्लङ्घनहरूसम्बन्धी तथ्य स्थापित गर्न सत्य

---

15 ऐजन।

16 सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको अभिलेख अनुसार सत्य आयोगले द्वन्द्वको समयमा भएको मानवअधिकार उल्लङ्घनसम्बन्धी करिव ६० हजार उजुरी प्राप्त गरेको छ भने वेपत्ता आयोगले जवरजस्ती वेपत्तासम्बन्धी करिव ३ हजार उजुरी संकलन गरेको छ।

17 अभियोजनकर्ताको कार्यालय, अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसीसी) , यौनजन्य तथा लैङ्गिकतामा आधारित अपराध सम्बन्धी नीति पत्र, (जुन २०१४)।

18 UN Doc E/CN.4/2005/102/Add.1, recommended by the UN Human Rights Commission in Resolution 2005/81, available at: https://undocs.org/E/CN.4/2005/102/Add.1.

आयोग वा अन्य छानविन आयोगको स्थापनाबाट लाभान्वित हुनसक्छन्, जसले गर्दा सत्य स्थापित हुनेछ र प्रमाण नष्ट हुने अवस्था पनि समाप्त हुनजान्छ” भन्ने कुरामा जोड दिन्छ ।

सत्य आयोगहरूलाई प्रायः सत्य स्थापित गर्ने र परिपूरण, अभियोजन र उल्लङ्घनहरू दोहोरिन नदिन राज्यले चाल्नु पर्ने कदमहरूबारे सिफारिसहरू गर्ने कार्यादेश प्राप्त हुन्छ । सामान्यतयाः सत्य आयोगमा महिला दृटिकोणको अभाव रहेको विश्वव्यापी अनुभव रहेको भएतापनि यी संयन्त्रहरूलाई महिला मानवअधिकार रक्षकहरूले उपेक्षित दुर्व्यवहारमाथि प्रकाश पार्ने, लैङ्गिकताका आधारमा हुने उल्लङ्घनहरूलाई बढावा दिने अवस्थाहरूको अनुसन्धान गर्ने र पीडित तथा उत्तरजीवीहरूका लागि उपयुक्त परिपूरण सिफारिस गर्ने एउटा असाधारण अवसरका रुपमा स्वागत गरेका छन् ।[19]

समयसँगै सत्य आयोगहरूले लैङ्गिक आयामहरूलाई समावेश गर्ने सवालमा त्यसको ढाँचा र विधि दुवैमा उल्लेखनीय प्रगति हासिल गरेका छन् । उदाहरणका लागि, अर्जेन्टिना र चिलीमा ती आयोगहरू लैङ्गिक रुपमा तटस्थ थिए र महिलाहरूलाई भिन्न रुपमा प्रभावित गर्ने उल्लङ्घनहरूलाई ती आयोगहरुले सम्बोधन गरेनन् । त्यसपछि भने ग्वाटेमाला, दक्षिण अफ्रिका र पेरुमा गठन भएका सत्य आयोगहरूको लैङ्गिक रुपमा तटस्थ कार्यादेश भएतापनि त्यसलाई अपराधहरूको लैङ्गिक आयामहरूमा विशेष ध्यान दिने गरी कार्यादेशको व्याख्या गरियो । त्यसपछि स्थापना भएका सत्य आयोगहरू, जस्तैः सिरिया लिओन र टिमोर-लेस्टेका आयोगहरूका कार्यादेशहरूमा स्पष्ट रुपमा लैङ्गिक वा यौनजन्य हिंसा समावेश गरिएको थियो ।[20]

मानवअधिकार उल्लङ्घनहरूको लैङ्गिक आयामलाई प्रभावकारी रुपमा सम्बोधन गर्न सत्य आयोगहरू सम्बन्धी कानुनहरु र आयोगका आयुक्त तथा सो प्रक्रियाको व्यवस्थापन गर्ने अन्य व्यक्तिहरूले आयोगको कार्यादेशमा सीमान्तीकृत समूह, विशेषगरी महिलाहरू, का चासो र हकहितलाई प्राथमिकता प्रदान गर्नेतर्फ सचेत तथा संस्थागत प्रतिबद्धता जाहेर गरी अग्रसक्रिय रुपमा काम गरे मात्र सम्भव हुन्छ ।

नेपालको वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा बलात्कार र यौनजन्य हिंसालाई मानवअधिकारको गम्भीर उल्लङ्घनका रुपमा परिभाषित गरिएको छ । ऐनको दफा ३ ले आयोगलाई त्यस्ता अपराधहरूको सत्यतथ्य छानविन गरी गम्भीर अपराधमा संलग्न व्यक्तिहरू विरुद्ध कानुनी कारवाहीका लागि सिफारिस गर्ने कार्यादेश दिएको छ । ऐन अनुसार आयोगले पीडक र पीडितबीच मेलमिलापलाई प्रोत्साहित गर्ने अन्तिम लक्ष्यका साथ परिपूरणको सहजीकरण पनि गर्नुपर्छ ।

यद्यपि, बलात्कार र अन्य यौनजन्य हिंसा लगायतका मानव अधिकारको गम्भीर उल्लङ्घनको परिभाषा ऐनमा संकुचित छ । उदाहरणका लागि, ऐनले बलात्कार र यौनजन्य हिंसा लगायतका धेरै कार्यहरूलाई “मानवअधिकारको गम्भीर उल्लङ्घन” भनी परिभाषित गरेको छ, जुन सशस्त्र द्वन्द्वको क्रममा निशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी योजनाबद्ध रुपमा गरिएका हुन्छन् ।[21] यो परिभाषाले सशस्त्र द्वन्द्वको क्रममा “निशस्त्र व्यक्ति” वा “जनसमुदाय” विरुद्ध लक्षित गरी योजनाबद्ध रुपमा गरिएका “बलात्कार र यौनजन्य हिंसा” को घटनाहरूको अनुसन्धान गर्ने आयोगको कार्यादेशलाई संकुचित बनाउँछ ।

[19] सत्य आयोग र लैङ्गिकताः सिद्धान्त, नीति तथा कार्यविधी, इन्टरनेशनल सेन्टर फर ट्रान्जिस्नल जष्टिस् (आईसिटिजे), जुलाई २००६ ।

[20] Note by the Secretary General, Gender Perspective in Transitional Justice, Seventy-Fifth Session, A/75/174, 17 July 2020, available at: https://digitallibrary.un.org/record/3883379.

[21] दफा २ (ञ), सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी ऐन, २०७१ ।

यो प्रावधानको समस्या भनेको यसलाई निकै संकुचित ढंगले परिभाषित गरिएको छ । "योजनाबद्ध र व्यापक" को मापदण्ड पूरा नगरेतापनि र जो विरुद्ध घटित भएको भएतापनि बलात्कार र यौनजन्य हिंसा गम्भीर अपराध हो । घटना त्यस्तो अवस्थामा भएको वा नभएतापनि, त्यस्तो दुर्व्यवहारका पीडित हुने व्यक्तिले व्यहोर्नु पर्ने क्षति एउटै हो । त्यसैकारण बलात्कार र यौनजन्य हिंसा लगायत मानवअधिकारको गम्भीर उल्लङ्घनका घटनाहरुको अनुसन्धान गर्ने कार्यादेशमा रहेको सीमितताले महिला पीडितहरूलाई न्यायको पहुँचबाट बञ्चित गराउने काम गर्नसक्छ । त्यसका अतिरिक्त, यसको कार्यक्षेत्र "जनसमुदाय" मा सीमित गरिदिनाले महिला लडाकुहरूले भोग्नु परेको बलात्कार र यौनजन्य हिंसाका घटनाहरु उपेक्षामा पर्ने जोखिम पनि छ ।

त्यसैकारण, ऐनमा बलात्कार र यौनजन्य हिंसालाई मानव अधिकारको गम्भीर उल्लङ्घनको परिभाषामा समावेश गरिनु महत्वपूर्ण कदम भएतापनि बृहत वर्गका पीडितहरूलाई समावेश गर्न सो प्रावधानको व्याख्या गरिनु आवश्यक छ । त्यसका साथै, विशेषगरी यौनजन्य हिंसाका सम्बन्धमा उजागर गरिएको सत्यलाई पीडिकहरूलाई अभियोजन गर्ने र पीडितहरूका लागि परिपूरणका सम्बन्धमा सिफारिसहरूको तर्जुमा गर्दा प्रमाणजन्य आधारका रुपमा प्रयोग गरिनुपर्छ । द्वन्द्वको समयमा महिलाहरूले भोगेका अनुभवलाई केवल शारीरिक क्षतिको संकिर्ण प्रमाणमा मात्र सीमित नगरिनु पनि महत्वपूर्ण हुन्छ र यो अवधिमा महिलाहरू संरचनागत हिसाबले कसरी प्रभावित भए भन्ने कुरा समावेश गर्नुपर्छ किनभने लैङ्गिक पूर्वाग्रहले दीर्घकालीन प्रभाव पार्छ ।

## सहभागिता

सत्य आयोगहरूमा लैङ्गिक दृष्टिकोण समावेश गरिने महत्वपूर्ण माध्यम भनेको आयोगका आयुक्त र कर्मचारीहरूका रुपमा महिलाहरूको सहभागिता सुनिश्चित गर्नु हो । यस सम्बन्धमा संयुक्त राष्ट्र संघीय दण्डहीनतासम्बन्धी सिद्धान्तको सिद्धान्त नं ६ ले देहाय अनुसार उल्लेख गरेको छ:

"सम्भव भएसम्म सत्य आयोगको स्थापना गर्ने, त्यसको कार्यक्षेत्र परिभाषित गर्ने र त्यसको संरचना निर्धारण गर्ने जस्ता निर्णयहरू गर्दा पीडित तथा प्रभावितहरूको विचार पनि समावेश हुनेगरी बृहत सार्वजनिक परामर्शमा आधारित हुनु पर्छ । यी छलफलहरूमा महिला र पुरुषहरू समान रुपमा सहभागी भएको सुनिश्चित गर्न विशेष प्रयास गरिनु पर्छ । पीडित र उनीहरूको परिवारको मर्यादाको सम्मान गर्दै सत्य आयोगहरूले गर्ने अनुसन्धानहरू पहिला अस्वीकार गरिएका सत्यका त्यस्ता आयामहरूलाई मान्यता प्रदान गर्ने उद्देश्यका साथ गरिनुपर्छ ।"[22]

मानवअधिकार परिषद् जस्ता अन्तर्राष्ट्रिय मानवअधिकार निकायहरूले द्वन्द्वको निवारण र समाधानका साथै शान्ति निर्माणमा महिलाहरूको महत्वपूर्ण भूमिकालाई मान्यता प्रदान गर्दै सङ्क्रमणकालीन न्यायका प्रक्रियामा महिलाहरूको अर्थपूर्ण सहभागिताको महत्व र द्वन्द्व निवारण तथा समाधानका सम्बन्धमा हुने निर्णय प्रक्रियामा उनीहरूको भूमिका बढाउनु पर्ने आवश्यकतामाथि जोड दिन्छन् ।[23]

त्यसैकारणसङ्क्रमणकालीन न्यायका सबै प्रक्रियाहरूमा महिलाहरूको सहभागिता सुनिश्चित गर्न र आयुक्तहरूको छनौटमा अन्य स्वीकृत योग्यता र आधारसँगै लैङ्गिकता सम्बन्धी मापदण्ड पनि समावेश गर्नु

[22] दण्डहीनता विरुद्ध लड्ने कार्यमार्फत मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी राष्ट्रसङ्घीय अद्यावधिक सिद्धान्तहरू, E/CN.4/2005/102/Add.1 8 February 2005, available at: https://digitallibrary.un.org/record/541829.

[23] मानव अधिकार र संक्रमणकालीन न्याय सम्बन्धमा मानव अधिकार समितिको प्रस्ताव, UN Doc. (A/HRC/RES/21/15 (2012)), para. 16.

महत्वपूर्ण हुन्छ । यसैगरी बयान टिपोटकर्ता, अनुसन्धानकर्ता, अभियोजनकर्ता र कानुनी तथा मनोसामाजिक परामर्शकर्ता लगायत कर्मचारीको भर्ना र विज्ञहरूको नियुक्ति गर्दा लैङ्गिक सन्तुलन कायम गरिनु आवश्यक हुन्छ । महिला आयुक्त र कर्मचारीहरूको नियुक्तिले आयोगसम्म पुगी आफ्ना कथाव्यथा बताउनका लागि महिला पीडितहरूका लागि उपयुक्त वातावरण सिर्जना गर्नेछ ।

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनले आयोगका पाँचजना सदस्यहरू मध्ये कम्तीमा एक जना महिला सदस्य हुनुपर्ने व्यवस्था गरेको छ ।[24] साथै पाँच सदस्यीय सिफारिस समितिमा कम्तीमा एक जना महिला हुनुपर्ने व्यवस्था पनि ऐनले गरेको छ । कम्तिमा एक जना मात्र महिला हुनुपर्ने व्यवस्था गरिनु पर्याप्त छैन, र यसले महिलाहरु सीमान्तीकरणमा पर्ने र महिला सहभागीता केवल टोकनका रुपमा मात्र राखिने जोखिम छ । नेपालको संविधानले राज्यका सबै निकाय तथा संरचनाहरूमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा महिलाको सहभागिताको सुनिश्चितता गरेको उल्लेखनीय छ ।[25] यसको आधारमा यस संवैधानिक व्यवस्थाको प्रयोग सत्य आयोगको ऐनमा भएको व्यवस्था भन्दा पनि विस्तृत रुपमा आयुक्तहरूको नियुक्ति प्रक्रियामा समेत उपयोग गरिनुपर्छ ।

दुवै आयोगमा महिला कर्मचारीहरूको नियुक्ति सम्बन्धमा वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन तथा नियमहरू मौन देखिन्छ । पाँच बर्षको कार्यकालमा दुवै आयोगहरूमा महिला कर्मचारीको नियुक्तिलाई पूर्ण रुपले उपेक्षा गरियो । उजुरी दर्ता प्रक्रियामा केही स्थानीय शान्ति समितिहरूमा महिला कर्मचारीहरूको अभाव भएको[26]जसले गर्दा महिला पीडितहरूका लागि प्रतिकूल वातावरण सिर्जना भई उनीहरूले आफ्नो वीभत्स अनुभवको संवेदनशील विवरण पुरुष कर्मचारीहरूलाई बताउन बाध्य भएका समाचारहरु पनि बाहिर आएका थिए ।[27]

सबै तहको नियुक्तिमा सम्भव भएसम्म लैङ्गिक समता कायम गरिनुपर्छ । यद्यपि, लैङ्गिक समताले मात्र लैङ्गिक दृष्टिकोण सुनिश्चित गर्छ भन्ने निश्चित छैन । त्यसकारण सम्भावित आयुक्त र कर्मचारीहरूको अन्य आवश्यक योग्यता मुल्याङ्कन गरिनुका अतिरिक्त उनीहरूमा लैङ्गिक संवेदनशिलताको जाँच गर्न लैङ्गिक मुद्दाहरूप्रति उनीहरूको दृष्टिकोण पनि पुष्टि गरिनुपर्छ । साथै, आयुक्तहरूको आन्तरिक शक्ति सङ्घर्षमा पितृसत्तात्मक मानसिकता र मान्यताहरूलाई आउनबाट रोक्ने प्रयासहरू आवश्यक हुन्छ, किनभने त्यसले प्राथमिकता कायम गर्ने विषयहरूलाई प्रभावित गर्छ । त्यसैकारण त्यस्ता तनावहरूलाई सचेतनापूर्वक पहिचान गरि संवोधन गरिएको सुनिश्चित गर्नु आयोगहरूको जिम्मेवारी हो ।

24 दफा ३, सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी ऐन, २०७१ ।

25 धारा ४२ मा, “सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ” भनी उल्लेख छ ।

26 स्थानीय शान्ति समितिको स्थापना नेपालको सबै ७५ जिल्लामा भएको थियो । प्रारम्भिक अवस्थामा यी समितिहरुको स्थापना राष्ट्रिय शान्ति सम्झौताहरुलाई स्थानीय रुपमा लागु गर्न जनतालाई एउटा साझा फोरम उपलब्ध गराई शान्तिलाई दिगो बनाउने उद्देश्यका साथ भएको थियो । द्वन्द्वको समयमा भएका मानवअधिकार उल्लङ्घनका सम्बन्धमा सत्य आयोग र बेपत्ता आयोगले उजुरी आह्वान गर्दा, विभिन्न जिल्लाबाट द्वन्द्वका घटनाहरु संकलन गर्न आयोगले ती समितिहरुको प्रयोग गऱ्यो ।

27 निरुपण, जुलाई २०१६, कानुन अध्ययन केन्द्र ।

## यौनजन्य र लैङ्गिकतामा आधारित हिंसाको अनुसन्धान र अभियोजन

नेपालको दशक लामो सशस्त्र द्वन्द्वमा दुवै पक्षबाट बलात्कार र यौनजन्य हिंसाका घटनाहरू भएको विभिन्न अनुसन्धानबाट सार्वजनिक भएको भएतापनि ती घटनाहरूबारे उजुरी दर्ता र अभिलेखीकरण उल्लेखनीय रुपमा न्यून रहेको अवस्था छ ।[28] धेरै प्रतिवेदनहरूले विद्यमान प्रतिकूल सामाजिक तथा साँस्कृतिक संस्कारका कारण लज्जा वोध वा आफु माथि दोष थोपरिने डरले पीडितहरु आफ्ना कथाव्यथा बताउन हिच्किचाउने उल्लेख गरेका छन् । उजुरी दर्ता गरिएका केही घटनाहरूमाथि पनि पर्याप्त मात्रामा अनुसन्धान हुन नसकेको कारणले महिलाहरूलाई आफ्नो मुद्दा अगाडि ल्याउनबाट झन निरुत्साहित गरेको छ ।

महिलाहरूले सशस्त्र द्वन्द्वमा भोगेका मानवअधिकार उल्लङ्घनका घटनाहरू, विशेषगरी बलात्कार र अन्य यौनजन्य हिंसाका घटना, को अनुसन्धान गर्न त्यस्ता घटनाहरूको अभिलेख र चिकित्सकीय जाँच प्रतिवेदन प्राप्त गर्न हुने कठिनाइका कारण चुनौतीपूर्ण हुन्छ । यसैगरी घटनाको पुष्टि गर्ने प्रमाणहरूको संकलन कार्य पनि कठिन हुनसक्छ । उदाहरणका लागि, बलात्कारका घटनाहरूमा महत्वपूर्ण प्रमाणका रुपमा लिइने चिकित्सकको जाँच प्रतिवेदन र घटनास्थलको मुचुल्का पेश गर्ने कार्य एक दशक भन्दा अघिको द्वन्द्वका क्रममा घटित भएको घटनाको हकमा असम्भव हुन्छ । तसर्थ जवाफदेहिता र परिपूरण प्राप्त गर्न विद्यमान ऐन, नियमावली र फौजदारी कार्यविधिमा मूलभुत रुपमा संशोधन गर्न आवश्यक हुन्छ ।

बलात्कार र यौनजन्य हिंसा लगायत मानव अधिकारको गम्भीर उल्लङ्घनका लागि जिम्मेवार व्यक्तिहरूमाथि अनुसन्धान तथा अभियोजन गरी दण्डित गर्नु अन्तर्राष्ट्रिय कानुनअन्तर्गत राज्यहरूको दायित्व हो । यसमा उल्लङ्घनहरूको प्रभावकारी, अविलम्व, पूर्ण रुपमा र निष्पक्ष ढंगबाट अनुसान्धन गर्ने र आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन अनुरुप दोषीहरू विरुद्ध कारवाही गर्ने र पीडितहरूलाई न्यायमा प्रभावकारी र समान पहुँच प्रदान गर्ने राज्यहरूको दायित्व पर्छ ।[29]

बलात्कार र यौनजन्य हिंसाको अनुसन्धान गर्नु पर्ने भनी त्यस सम्बन्धमा निर्दिष्ट मार्गनिर्देशन प्रस्तुत गर्दै संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले धेरै प्रस्तावहरू पारित गरेको छ ।[30] उदाहरणका लागि, महिला र शान्ति तथा सुरक्षासम्बन्धी सुरक्षा परिषद् प्रस्ताव १८२० ले यौनजन्य हिंसालाई युद्धको साधनका रुपमा प्रयोग गर्ने कार्यको निन्दा गर्छ र "बलात्कार र अन्य प्रकारका यौनजन्य हिंसा युद्ध अपराध, मानवताविरुद्धको अपराध वा नरसंहार पनि हुनसक्छ" भनी घोषणा गर्दै द्वन्द्व समाधानको प्रक्रियामा यौनजन्य हिंसाका अपराधहरूलाई आममाफीका प्रावधानहरूबाट बाहेक गर्नु पर्ने आवश्यकतामाथि जोड दिन्छ ।[31] यस प्रस्तावले स्पष्ट रुपमा यौनजन्य हिंसालाई प्रायः महिला र बालिकाहरू विरुद्ध युद्ध नीतिका रुपमा प्रयोग गरिएको वा स्वीकृत गरिएको बताउँदै त्यसले शान्ति र सुरक्षाको पुनःस्थापनामा व्यवधान खडा गर्नसक्ने कुरा उल्लेख गरेको छ ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी राष्ट्रसङ्घीय समिति (सिड समिति) को साधारण सिफारिसले पनि राज्य वा गैरराज्य पक्षबाट हुने सबै प्रकारका लैङ्गिकतामा आधारित भेदभाव, विशेषगरी

---

28 Across the Lines: The impacts of Nepal' s Conflict on Women (2010), Advocacy Forum and International Centre for Transitional Justice.

29 अन्तर्राष्ट्रिय कानुन र दण्डहीनता विरुद्धको लडाई, अध्यासकर्ता निर्देशिका नं. ७, इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स ।

30 संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ (२०००), १८२० (२००८), १८८८ (२००९), १८८९ (२००९), १९६० (२०१०), २१०६ (२०१३) र २१२२ (२०१३) ।

31 संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. १८२०, सुरक्षा परिषदको ५९१६ औं बैठकबाट पारित, UN DOC. S/RES/182, June 2008, available at: https://www.tjsl.edu/slomansonb/10.3_UNSC_1820.pdf.

यौनजन्य हिंसाको निवारण, अनुसन्धान र दण्डित गर्ने र शुन्य सहनशिलताको नीति कार्यान्वयन गरिनुपर्ने दायित्वलाई जोड दिन्छ ।[32]

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनले सत्य निरुपण तथा मेलमिलाप आयोगलाई द्वन्द्वका क्रममा भएका बलात्कार र यौनजन्य हिंसाका उजुरीहरूमाथि छानविन गर्ने कार्यादेश प्रदान गर्छ । ऐनको दफा १३ (क) र (ङ) ले पनि छानविन पश्चात यसले अभियोजनका लागि सिफारिस गर्नसक्ने व्यवस्था गरेको छ। दफा २९ (४) ले अभियोजन लागेका विरुद्ध मुद्दा हेर्नको लागि विशेष अदालतको परिकल्पना गरेको छ। २०७२ साल फागुन मा जारी गरिएको सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी नियमावलीले पनि आयोगमा दर्ता भएको उजुरी वा जानकारीमाथि आयोगले प्रारम्भिक अनुसन्धान गर्नसक्ने र आयोगले आवश्यक ठहर गरेमा ती घटनाहरूमाथि विस्तृत अनुसन्धान गर्नेछ भनी उल्लेख गरेको छ ।[33] मानवअधिकारको गम्भीर उल्लङ्घन गरेको आरोपमा कुनै व्यक्ति विरुद्ध कारवाहीको सिफारिस गर्नुपर्ने अवस्थामा आयोगले मानवअधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन महान्यायाधिवक्ता समक्ष लेखी पठाउनेछ ।[34] साथै नियमावलीको नियम १४ मा आयोगले बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्ति समावेश भएको उजुरी वा सूचनाका सम्बन्धमा प्राथमिकता दिई छानबिन गर्ने व्यवस्था मिलाउन सक्ने भन्ने उल्लेख छ। महिलाको बयान वा वकपत्र गराउँदा उपलब्ध भएसम्म महिला कर्मचारीमार्फत गराउनु पर्नेछ ।

यी साधारण तर अपर्याप्त प्रावधानहरूका बावजुद सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन तथा नियमावली द्वन्द्वका क्रममा भएका यौनजन्य हिंसा र लैङ्गिकतामा आधारित हिंसाका पीडितहरूलाई न्याय सुनिश्चित गर्नको लागि आवश्यक दस्तावेज, चिकित्सकको जाँचको प्रतिवेदन र अन्य सम्बद्ध प्रमाणहरू प्राप्त गर्नमा रहेको चुनौतीलाई समाधान गर्न विशेष व्यवस्था गर्न असफल रहेका छन् ।

## फौजदारी न्याय प्रणालीको प्रयोगमा स्पष्टताको अभाव

नेपालमा सङ्क्रमणकालीन न्याय संयन्त्रहरू र फौजदारी न्याय प्रणालीबीचको परिपूरकता स्पष्ट छैन । यो स्पष्टताको अभावको कारणले नियमित न्याय प्रणालीलाई द्वन्द्वको समयमा भएका यौनजन्य हिंसाको अपराधहरूमाथि अनुसन्धान गर्न रोकेको छ। यद्यपि, फौजदारी न्याय प्रणाली अवलम्बन गरेको अवस्थामा पनि कानुनमा रहेको कमीकमजोरीका कारणले बलात्कार र यौनजन्य हिंसाका सबै पीडितहरूले न्यायमा अर्थपूर्ण पहुँच प्राप्त गर्न असम्भव बनाउँछ ।

उदाहरणका लागि, मुलुकी अपराध संहिता २०७४[35] अनुसार जवरजस्ती करणीको कसूर कुनै महिला वा बालिकामाथि हुनसक्छ, जसमा योनीमा लिङ्ग प्रवेशसहितको यौनसम्पर्क समावेश हुन्छ ।[36] त्यसमा मञ्जुरी विना गुदद्वार र/वा मुखमा लिङ्ग पसाउने लगायतका अन्य प्रकारका केही निश्चित यौन कार्य पनि समावेश

32 General Recommendation No. 30 on Women in conflict prevention, conflict and post-conflict situations, Committee on the Elimination of Discrimination against Women, 1 November 2013, CEDAW/C/GC/30, available at http://hrlibrary.umn.edu/gencomm/CEDAW%20Gen%20rec%2030.pdf.

33 नियम १० र ११, सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ ।

34 नियम २९, सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ ।

35 मुलुकी अपराध संहिता वि.स. २०७४ असोज ३० जारी भई २०७५ भाद्र १ बाट लागु भएको हो ।

36 अपराध संहिताको दफा २१९ (२) अनुसार “कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार बर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जर्बजस्ती करणी गरेको मानिनेछ” भनी उल्लेख गरिएको छ ।

हुनसक्छ ।[37] यद्यपि, अन्य प्रकारका यौन दुर्व्यवहारलाई प्रभावकारी, निरुत्साहजनक र समानुपातिक सजाय दिने कुनै फौजादारी कानुनी व्यवस्था नेपालमा विद्यमान छैन ।[38] अपराधीकरण गरिनुपर्ने अन्य प्रकृतिका यौनजन्य हिंसाहरूमा युद्ध अपराधका रुपमा गरिने यौनजन्य हिंसा, यौन दासत्व, जबरजस्ती गर्भवती गराउने कार्य, जवरजस्ती वेश्यावृत्तिमा लगाउने कार्य, जवरजस्ती बन्ध्याकरण, जवरजस्ती नग्नता, गुप्तांग र स्तन छेदन्, र जवरजस्ती पुरुष लिङ्गको छेदन समावेश हुनुपर्छ ।

## हदम्याद

वर्तमान अपराध संहिता जारी हुनु भन्दा पहिले बलात्कारको घटनामा  उजुरी दिन केवल ३५ दिनको हदम्याद थियो । [39] नेपालको सर्वोच्च अदालतले ३५ दिने हदम्यादलाई अनुचित र अव्यवहारिक ठहर गर्दै बलात्कारका पीडितहरूका लागि न्यायमा पहुँच सुनिश्चित गर्न कानुनमा संशोधन गर्न सरकारलाई आदेश दियो ।[40]

अन्तर्राष्ट्रिय कानुनअन्तर्गत केही गम्भीर अपराधहरू, जस्तैः यातनाका रुपमा गरिएको बलात्कार र यौनजन्य हिंसाको घटनाहरुमा कुनै पनि प्रकारका हदम्यादको व्यवस्था गरिनु अन्तर्राष्ट्रिय कानुन र मापदण्ड विपरित हुन जान्छ । दण्डहीनता सम्बन्धी सिद्धान्तको सिद्धान्त नं २३ ले “फौजदारी मुद्दामा अभियोजन वा दण्डको सिफारिस त्यति समयको लागि लागु हुँदैन किनभने प्रभावकारी उपचार उपलब्ध छैन । स्वभावले सिफारिस गर्न नमिल्ने अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराधहरूका लागि सिफारिस लागु हुने छैन । लागु भएको अवस्थामा पनि चोटपटकका लागि परिपूरण माग गर्दै पीडितहरूले प्रस्तुत गरेका देवानी वा प्रशासनिक कदम विरुद्ध सिफारिस प्रभावकारी हुनेछैन ।”[41]

पूर्ण माया विरुद्ध नेपाल भएको मुद्दामा राष्ट्रसङ्घीय मानवअधिकार समितिले थुनामा भएको बलात्कारको घटनाको उजुरी दिने ३५ दिने हदम्यादले पीडितलाई प्रभावकारी उपचारबाट बञ्चित गरेको ठहर गर्दै नेपाललाई बलात्कारको घटनामा उजुरी दायर गर्ने ३५ दिने हदम्याद हटाउन सिफारिस गऱ्यो । साथै उजुरी दर्ता गर्ने कार्यलाई निरुत्साहित गर्ने र पीडितहरूको न्यायमा प्रभावकारी पहुँचमा रहेका अवरोधहरू हटाउन पनि समितिले सिफारिस गऱ्यो ।[42]

---

[37] दफा २१९ (२) (ग)ले “गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा यौनिमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जर्बजस्ती करणी गरेको मानिनेछ” भनी उल्लेख गरिएको छ ।

[38] “लैङ्गिक समानता कायम गर्नको लागि केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ को दफा ११ ले नेपाली फौजदारी कानुनमा ‘यौन दुर्व्यवहार’ सम्बन्धी अपराधलाई समावेश गरेको थियो, जुन त्यस प्रकारका यौन दुर्व्यवहारका लागि लागु हुनसक्छ, र त्यसमा दण्ड एक बर्षसम्म कैद र जरिवाना रहेकोछ । त्यसैगरी यसले पुरुष र केटाहरु विरुद्ध हुने यौन हिंसालाई समेटेको छैन ।

[39] मुलुकी ऐनको जवरजस्ती करणीसम्बन्धी महलको दफा ११ मा, “बलात्कार सम्बन्धी घटना घटेको ३५ दिन भित्र बलात्कारसम्बन्धी घटनाको मुद्दा दर्ता नभएमा सो मुद्दामाथि कारवाही हुने छैन” भन्ने उल्लेख गरिएको थियो । तर धेरै पीडितहरु डर, लाञ्छना वा गम्भीर स्वास्थ्य समस्याको कारणले उजुरी गर्नबाट रोकिने गर्छन् ।

[40] सपना प्रधान मल्ल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय समेत, रिट नं ३५६१ (२०६२ ।

[41] Updated Set of principles for the protection and promotion of human rights through action to combat impunity, E/CN.4/2005/102/Add.1 8 February 2005, available at: https://digitallibrary.un.org/record/541829.

[42] पूर्णमाया विरुद्ध नेपाल, मानव अधिकार समिति, Views adopted by the Committee concerning Communication No 2245/2013, UN Doc CCPR/C/119/D/2245/2013 (23 June 2017).

अपराध संहिताले हाल बलात्कारको घटनामा उजुरी दायर गर्ने हदम्यादलाई बलात्कारको अपराध भएको मितिबाट एक बर्षसम्मका लागि बढाएको छ ।[43] यद्यपि, यो बढाइएको हदम्याद सम्बन्धी व्यवस्था पनि अपर्याप्त छ र ती घटनाहरु घटेको समयावधी एक बर्षभन्दा बढी व्यतित भइसकेको हुनाले द्वन्द्वका पीडितहरूलाई यसले न्याय दिनसक्दैन । त्यसकारण सरकारले सशस्त्र द्वन्द्वको क्रममा घटेका बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरुको संवोधन सुनिश्चित गर्न द्वन्द्वका क्रममा घटेका यौनजन्य हिंसाका घटनाको उजुरी दायर गर्ने सबै हदम्याद हटाउनपर्छ वा बढाउनु पर्छ । यसलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप र नेपालको हकमा मानवअधिकार समिति[44] र सिड समिति[45]जस्ता अन्तर्राष्ट्रिय निकायहरूको विधिशास्त्र अनुरुप गर्नुपर्छ ।

यो कार्य नेपालको सर्वोच्च अदालतको निर्णय अनुरुप नेपालको राष्ट्रिय कानुन अनुसार पनि आवश्यक छ । परमादेशको आदेश जारी गरी पाउँ भनी दायर भएको रिट निवेदनमा अदालतले २०७० सालमा सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेशका सम्बन्धमा आदेश जारी गर्दै बलात्कार र अन्य प्रकारका यौन दुर्व्यवहार र यौनजन्य हिंसा लगायतका मानवअधिकारका केही गम्भीर उल्लङ्घनहरूलाई अपराधीकरण गर्न कानुन जारी गर्न नेपाल सरकारलाई निर्देशन दिएको थियो त्यसैगरी मानव अधिकार उल्लङ्घनका घटनाहरुमा उजुरी गर्ने हदम्याद हटाउन पनि सर्वोच्च अदालतले नेपाल सरकारलाई आदेश दिएको थियो ॥[46]

साथै, अपराध संहितामा बलात्कार र अन्य यौनजन्य हिंसाको उजुरीका लागि एक बर्षको हदम्याद उल्लेख छ, जसले द्वन्द्व यता वितेको समयका कारण द्वन्द्वकालमा भएका बलात्कार र यौनजन्य हिंसाका पीडितहरूका लागि न्यायमा पहुँच प्राप्त गर्ने कार्य असम्भव बनाइदिएको छ ।

द्वन्द्वको समयमा भएको बलत्कार र यौनजन्य हिंसाका घटनाहरूको अनुसन्धान र अभियोजन गर्नमा सरकारको असफलताले द्वन्द्वको अन्त्य पछि लैङ्गिकतामा आधारित हिंसालाई बढावा दिएको छ । अप्रभावकारी निःशस्त्रीकरण, सैन्य विघठन र पुनःएकीकरण प्रक्रियाहरूजस्ता पक्षहरूका अतिरिक्त सबै प्रकारका लैङ्गिकतामा आधारित हिंसा निवारण, अनुसन्धान र दण्डित गर्ने कार्य हुन नसक्दा त्यसले द्वन्द्व पश्चातको समयमा महिलाहरू विरुद्ध थप हिंसा पनि निम्त्याउनसक्छ ।[47] त्यसैले गर्दा सङ्क्रमणकालीन न्यायको सन्दर्भमा भविष्यमा थप उल्लङ्घनहरू हुनबाट रोक्न द्वन्द्वको समयमा र द्वन्द्व पश्चात भएका यौनजन्य हिंसा र लैङ्गिकतामा आधारित हिंसाको सम्बोधन गर्ने विषयलाई प्राथमिकता प्रदान गर्नु अति जरुरी छ ।

## आममाफी

सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनको दफा २६ ले द्वन्द्वको क्रममा भएका बलात्कारका घटनामा आममाफी दिने कार्यलाई प्रतिबन्धित गरेको छ । यद्यपि, यो प्रतिबन्ध बलात्कारका अन्तर्वस्तु समावेश नभएको तर पीडितहरूमाथि गम्भीर प्रभाव पर्ने अन्य प्रकृतिका यौनजन्य हिंसाहरूमा भने लागु हुदैन । त्यसका अतिरिक्त, यो व्यवस्थाले आममाफीलाई अप्रत्यक्ष तरिकाले सम्भव बनाउँछ । दफा २२ ले बलात्कार र यौनजन्य हिंसा

43 दफा २२९, मुलुकी अपराध संहिता ।

44 पूर्णमाया विरुद्ध नेपाल, मानव अधिकार समिति, Communication No 2245/2013, UN Doc CCPR/C/119/D/2245/2013 (HRC, 23 June 2017).

45 नेपालको छैठौं आवधिक प्रतिवेदन माथीको निष्कर्षात्मक टिप्पणी, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी समिति, अनुच्छेद २३, UN Doc. CEDAW/C/NPL/CO/6 (14 November 2018).

46 अधिवक्ता माधवकुमार बस्नेत समेत विरुद्ध नेपाल सरकार समेत, नेपाल कानुन पत्रिका २०७०, अंक ९, निर्णय नं. ९०६१ ।

47 Committee on the Elimination of Discrimination Against Women, General Recommendation No. 30 on women in conflict prevention, conflict and post-conflict situations, 2013, Para. 35, available at: http://hrlibrary.umn.edu/gencomm/CEDAW%20Gen%20rec%2030.pdf

लगायतका जुनसुकै प्रकृतिका उल्लङ्घनका घटनामा आयोगले पीडित र पीडकबीच मेलमिलापको लागि सहजीकरण गर्न सक्ने व्यवस्था गरेको छ । त्यसैकारण मेलमिलाप वा मध्यस्थताको आवरणमा बलात्कार र अन्य यौनजन्य हिंसाका घटनाहरूमा पनि पीडकहरूलाई दण्डहीनता प्रदान गर्न सम्भव देखिन्छ ।

अन्तर्राष्ट्रिय कानुन र मापदण्डअन्तर्गत बलात्कार र यौनजन्य हिंसा लगायत मानवअधिकारको गम्भीर उल्लङ्घनका घटनामा संलग्न व्यक्तिहरूलाई जवाफदेहिताबाट बचाउन आममाफी दिने कुरा स्वीकार्य हुदैन । राष्ट्रसङ्घीय दण्डहीनता सम्बन्धी सिद्धान्तको सिद्धान्त नं. २४ (क) ले, "सिद्धान्त १९ ले उल्लेख गरेका दायित्वहरू राज्यले पूरा नगरेसम्म वा अन्तर्राष्ट्रिय, अन्तर्राष्ट्रियकरण गरिएको वा राष्ट्रिय क्षेत्राधिकारको अदालतसमक्ष पीडकहरू विरुद्ध अभियोजन नभएसम्म अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराधका पीडकहरूले त्यस्तो उपायहरुबाट लाभ लिनसक्ने छैनन् ।" सिद्धान्त नं. १९ ले पनि मानवअधिकार र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको उल्लङ्घनहरूको तत्काल, विस्तृत, स्वतन्त्र र निष्पक्ष अनुसन्धान गर्नुपर्ने र अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका गम्भीर अपराधहरूका लागि जिम्मेवार व्यक्तिहरू विरुद्ध मुद्दा चलाई कानुन बमोजिम दण्डित भएको सुनिश्चित गरी फौजदारी न्यायको क्षेत्रमा उपयुक्त कदम चाल्नु पर्ने राज्यको दायित्वको बारेमा उल्लेख गरेको छ ।

साथै, नेपालको सर्वोच्च अदालतले पनि मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरूमा संलग्न व्यक्तिहरूलाई आममाफी हुन नसक्ने ठहर गरेको छ, किनभने त्यसले नेपालको संविधान र नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरूले प्रत्याभूत गरेको पीडितको प्रभावकारी उपचार प्राप्त गर्ने हकको उल्लङ्घन गर्दछ ।[48] सत्य आयोग ऐनमा समावेश गरिएको प्रावधानले राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन दुवैको उल्लङ्घन हुने भएकोले सत्य निरुपण तथा मेलमिलाप आयोग वा अन्य कुनै पनि सङक्रमणकालीन न्याय संयन्त्रले बलात्कार र अन्य यौनजन्य हिंसाका मुद्दाहरूमा आममाफी दिने वा पीडित र पीडकबीच मेलमिलाप गराउने छैन भनी स्पष्ट गर्न ऐनमा संशोधन गरिनु आवश्यक छ ।

## उपचार र परिपूरण

अन्तर्राष्ट्रिय कानुनअन्तर्गत प्रभावकारी उपचार र परिपूरणमा पहुँच उपलब्ध गराउनु अन्तर्राष्ट्रिय कानुन र प्रमुख अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी सन्धिहरू अन्तर्गत राज्यहरूको दायित्व हो । उपचारहरू प्रभावकारी, पहुँचयुक्त, द्रुत हुनुपर्छ र पूर्ण परिपूरण समावेश भएको हुनुपर्छ ।[49]

पूर्ण तथा प्रभावकारी परिपूरणमा क्षतिपूर्ति, पुनर्स्थापना, प्रतिस्थापन, सन्तुष्टि र नदोहोरिने कुराको प्रत्याभूति समावेश हुन्छ । सुधारात्मक संरचनाको अत्यावश्यक पक्षका रुपमा सत्यको अधिकार रहेको छ ।[50]

विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधान, २०६३ मा संक्रमणकालीन न्याय सम्बन्धी व्यवस्था उल्लेख गरिए पश्चात नेपाल सरकारले अन्तरिम राहत कार्यक्रम सुरु गऱ्यो । यसलाई द्वन्द्व पीडित तथा प्रभावितहरूका तत्कालका आवश्यकताहरू सम्बोधन गर्नेतर्फ एउटा महत्वपूर्ण कदमका रुपमा लिन सकिन्छ । यद्यपि, यो

---

48 सुमन अधिकारी समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय समेत, नेपाल कानुन पत्रिका, २०७० अङ्क ६, निर्णय नं ९६१२, अनुच्छेद ७० ।

49 मानव अधिकारको गम्भीर उल्लङ्घनमा उपचार तथा परिपूरणको अधिकार, अभ्यासकर्ता निर्देशिका नं. २, पुनसंपादीत संस्करण २०१८, इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स, available at https://www.icj.org/wp-content/uploads/2018/11/Universal-Right-to-a-Remedy-Publications-Reports-Practitioners-Guides-2018-ENG.pdf

50 ऐजन ।

अन्तरिम राहत कार्यक्रमको कार्यक्षेत्र मृतक, जबरजस्ती वेपत्ता पारिएका, अपाङ्गता भएका व्यक्तिहरूका परिवार लगायतका केही खास वर्गका पीडित र परिवारहरूलाई अन्तरिम राहत उपलब्ध गराउनेमा सीमित रहेको थियो । तर त्यसले यौनजन्य हिंसा र लैङ्गिकतामा आधारित हिंसा लगायत यातना र दुर्व्यवहारका पीडितहरू लगायतका केही निश्चित वर्गका द्वन्द्व पीडितहरूलाई समेट्न सकेन । यसरी अन्तरिम राहत कार्यक्रमहरूबाट यी वर्गका पीडितहरू उपेक्षित हुन पुगे ।

सन् २०१९ मा नेपाल भ्रमणका क्रममा महिला विरुद्ध हिंसासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष समाधिक्षकले पनि द्वन्द्वका क्रममा भएका बलात्कार र यौनजन्य हिंसाबाट प्रभावित महिलाहरूले अन्तरिम राहत कार्यक्रम, क्षतिपूर्ति, परिपूरण र अन्य सहयोग सेवाहरूमा पहुँच प्राप्त नगरेको उल्लेख गरेकी थिइन् ।[51] सिड समितिले क्षतिपूर्ति, पुनर्स्थापना, प्रतिस्थापन र नदोहोरिने कुराको प्रत्याभूति लगायत अन्तरिम राहत र पूर्ण तथा प्रभावकारी परिपूरणमा सशस्त्र द्वन्द्वबाट पीडित महिला र बालिकाहरूलाई पहुँच सुनिश्चित गर्नेतर्फ कदम चाल्न सरकारलाई आग्रह गरेको छ ।[52] साथै, मानवअधिकार समितिले द्वन्द्वको समयमा भएका यौनजन्य हिंसाका पीडितहरूलाई अन्तरिम राहत उपलब्ध गराउनेतर्फ कदम चाल्न सरकारलाई आह्वान गरेको छ ।[53] यी आह्वानहरूका बावजुद सरकारले अन्तरिम राहत कार्यक्रममा यौनजन्य र लैङ्गिकतामा आधारित हिंसाका पीडितहरूलाई समावेश गर्नेतर्फ कुनै कदम चालेको छैन ।

यसका अतिरिक्त, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन र तत्पश्चात जारी भएको नियमावलीहरुको परिपूरण कार्यक्रमहरुले पनि यौनजन्य र लैङ्गिकतामा आधारित हिंसाका पीडितहरूको विशेष आवश्यकताहरू जस्तै प्रजनन् स्वास्थ्य सेवा र मनोसामाजिक परामर्शको आवश्यकतालाई सम्बोधन गर्दैनन् । ऐनको दफा २३ (२) (क) ले आयोगले उपयुक्त ठहर गरेमा पीडित र तिनका परिवारका लागि स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गरेकोछ । त्यसकासाथै, नियमावलीको नियम ३३ (१) (ङ) मा शारीरिक रुपले अशक्त भएका पीडितलाई एकलाख रुपैयाँमा नबढाई सरकारी स्वास्थ्य संस्थाबाट स्वास्थ्योपचारको लागि सिफारिश गर्ने व्यवस्था उल्लेख गरिएको छ । सत्य आयोग ऐन र नियमावली दुवै महिला पीडित, विशेषगरी यौनजन्य र लैङ्गिकतामा आधारित हिंसाका पीडितहरूका, लागि विशेष स्वास्थ्य सेवा तथा सुविधाहरू समावेश गर्न असफल रहेका छन् ।

मानवअधिकार उल्लङ्घनहरूको लैङ्गिक आयाम र सशस्त्र द्वन्द्वका महिला पीडित⁄प्रभावितहरूको आधारभूत आवश्यकतालाई ध्यान दिन नसकिएको स्पष्ट छ । उदाहरणका लागि, द्वन्द्वको समयमा जवरजस्ती वेपत्ता पारिएका व्यक्तिहरु मध्ये अधिकांश पुरुष थिए । फलस्वरुप, महिलाहरूले आफ्नो परिवारको जिम्मेवारी बहन गर्न बाध्य हुनुको साथै बेपत्ता पारिएका आफन्तका बारेमा सत्यतथ्य जान्न र न्याय माग गर्न पनि महिलाहरु एक्लै अगाडि बढ्नु परेको छ ।

आफ्नो पतिको अवस्थाको सम्बन्धमा रहेको अनिश्चितताको कारणले निम्त्याउने पीडा र कष्टले धेरै महिलाहरूलाई मनोवैज्ञानिक रुपमा प्रभाव पर्दछ । मृत्युको प्रमाणको अभाव र उनीहरूका पतिहरू निरन्तर वेपत्ताकै अवस्थामा रहेका कारणले महिलाहरुले आफ्नो पतिको सम्पत्तिमाथि स्वामित्व दावी गर्न पनि कठिनाईको सामना गरिरहेका छन् । यस कानुनी समस्याको एउटा अपवाद भनेको कथित “१२ बर्षे नियम”

[51] Report of the Special Rapporteur on violence against women, its causes and consequences, Human Rights Council, forty-first session, 24 June–12 July 2019, A/HRC/41/42/Add.2.

[52] Concluding Observation on Sixth Periodic Report of Nepal, Committee on the Elimination of Discrimination Against Women, Para 23, UN Doc. CEDAW/C/NPL/CO/6 (14 November 2018).

[53] *Purni Maya v Nepal* Communication No 2245/2013, UN Doc CCPR/C/119/D/2245/2013 (HRC, 23 June 2017).

रहेको छ, जसअनुसार १२ बर्षसम्म लगातार कुनै व्यक्ति बेपत्ता भएमा निजको मृत्यु भएको मानिन्छ ।[54] यद्यपि, जवरजस्ती वेपत्ता पारिएको घटनाको हकमा यो प्रावधान पनि समस्याग्रस्त छ, किनभने वेपत्ता पारिएका व्यक्तिको अवस्था यकिन नभएसम्म धेरै पत्नीहरूका लागि पतिको मृत्युको अनुमान गर्न स्वीकार्य छैन । वेपत्ता पारिएका व्यक्तिका पत्नीहरूलाई मृत्युको प्रमाणपत्र बिना आफ्नो पतिको सम्पत्तिमाथि स्वामित्व प्राप्त गर्ने अवस्थाको सिर्जना गर्न परिपूरणका कार्यक्रमहरुमा आवश्यक संशोधन गरिनुपर्छ ।

## लैङ्गिक विषयहरूमा सचेतना र तालिम

महिलाका विशेष सवालहरू, विशेषगरी जो संरचनागत वा अप्रत्यक्ष छन्, यदि आयोगका कर्मचारीहरू ती विशिष्ठिकृत समस्याहरूप्रति सचेत नभएमा ती सवालहरु बाहिर आउन कठिन हुन्छन् । तर, सत्य आयोग ऐन र नियमावलीले आयोगका आयुक्त वा कर्मचारीहरूलाई लैङ्गिक विषयहरूमा सचेत गराउन विशेष तालिमहरूको आयोजना गरिनुपर्ने आवश्यकतालाई ध्यान दिएको छैन ।

यी तालिमहरूमा मानवअधिकार उल्लङ्घनको लैङ्गिक प्रवृत्ति, बयान र अन्य प्रकारका तथ्याङ्क संकलनमा ध्यान दिनुपर्ने लैङ्गिक संवेदनशिलताहरू, महिला साक्षीहरूसँगको सुनुवाई र लैङ्गिक रुपमा संवेदनशील प्रतिवेदन लेखनसम्बन्धी खास जानकारी समावेश भएको सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ । आयुक्त र कर्मचारीहरू पर्याप्त मात्रामा लैङ्गिक रुपमा संवेदनशील भएको र मानवअधिकार उल्लङ्घनका घटनाहरुको लैङ्गिक आयामलाई अझ राम्रोसँग बुझ्न सक्षम रहेको सुनिश्चित गर्न त्यस्ता तालिमहरु अत्यावश्यक छन् । महिला पीडितहरूका लागि आफ्ना व्यक्तिगत कथाव्यथा बताउनका लागि उपयुक्त वातावरण तयार गर्नमा त्यस्ता तालिमहरु महत्वपूर्ण सावित हुन्छ । मानवअधिकार उल्लङ्घनहरूको लैङ्गिक प्रवृत्ति विश्लेषण गर्न पनि यस्ता तालिमहरु धेरै उपयोगी हुन्छ ।

कार्यसञ्चालनको विभिन्न चरणमा आयोगको अनुभवलाई ध्यानमा राख्दै तालिमहरू एकपटकका लागि मात्र आयोजना नगरी निरन्तर रुपमा सञ्चालित गरिने कुराको सुनिश्चत गर्नु अत्यावश्यक हुन्छ । महिलाका मुद्दाहरू प्रति सचेत र सहयोगी हुने र आफ्नो कार्यसञ्चालनमा यी मुद्दाहरूको कसरी सम्बोधन गर्ने भन्नेबारेमा स्वसमीक्षा गर्ने एउटा संस्थागत प्रचलन स्थापित गर्न यस्ता प्रयासहरूले मद्दत गर्नसक्छन् ।[55]

सङ्क्रमणकालीन न्यायमा लैङ्गिक दृष्टिकोणका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घका महासचिवले यौनजन्य हिंसाका पीडित तथा प्रभावितहरूको अनुभवहरूलाई सुरक्षित र गोप्य रुपमा तथा संवेदनशिल भएर पहिचान गर्ने तथा अभिलेखन गर्ने विधिहरूका सम्बन्धमा वयानहरू संकलन गर्ने टोलीहरूका लागि तालिम सञ्चालन गर्नुको महत्वमाथि प्रकाश पार्नु भएको छ ।[56] तर सत्य आयोगसम्बन्धी कानुनहरूमा लैङ्गिक सवालहरूमा तालिम सञ्चालन गर्ने सम्बन्धी विषयवस्तु समावेश गरिएको छैन । नत लैङ्गिक संवेदनशिलता सम्बन्धमा आयोगका कर्मचारीहरु तथा पीडितसँग पहिलो सम्पर्क विन्दुका रुपमा रहने बयान टिपोटकर्ताहरू लगायतलाई तालिम प्रदान गरिएको कुनै प्रतिवेदन/ समाचार प्रकाशित भएको छ ।

---

54 प्रमाण ऐन (२०३१), दफा ३२, "कुनै व्यक्ति जीवित छ भन्ने कुरा प्रमाणित गर्ने भारः कुनै व्यक्ति जीवित छ वा निजको मृत्य भैसकेको छ भन्ने प्रश्न उठेमा सो व्यक्तिको सम्वन्धमा स्वभाविक रूपमा जानकारी पाउने व्यक्तिले निजका सम्वन्धमा १२ वर्षदेखि कुनै जानकारी पाएको छैन भन्ने प्रमाणित भएमा, निज जीवित छ भन्ने पक्षले नै सो कुरा प्रमाणित गर्नु पर्छ ।"

55 सत्य आयोग र लैङ्गिकताः सिद्धान्त, नीति तथा कार्यविधी, इन्टरनेशनल सेन्टर फर ट्रान्जिस्नल जष्टिस् (आईसिटिजे), जुलाई २००६ ।

56 Note by the Secretary General, Gender Perspective in Transitional Justice, Seventy-Fifth Session, A/75/174, 17 July 2020, available at https://digitallibrary.un.org/record/3883379.

केही स्थानीय शान्ति समितिहरूमा[57] उजुरी दर्ताको समयमा तालिम प्राप्त महिला कर्मचारीको अभावको कारणले गर्दा धेरै जसो यौनजन्य हिंसाका पीडितहरूले आफ्ना घटनाबारे सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता गराउन नसकेका समाचारहरु प्रकाशित भएका पाइन्छन् ।[58]

## प्रतिवेदन लेखन र प्रचारप्रसार

आयोगको अन्तिम प्रतिवेदनमा आयोगले अनुसन्धान गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरूको विश्लेषण, मानवअधिकार उल्लङ्घनका घटनाहरूको प्रवृत्ति र न्याय, परिपूरण एवम् सुधारका लागि गरिएका सिफारिसहरू समावेश गरिनु पर्दछ । यो प्रतिवेदन मानव अधिकार उल्लङ्घनको लैङ्गिक प्रवृत्ति, द्वन्द्वका क्रममा महिलाहरूले भोगेका अनुभवहरु र लैङ्गिक दृष्टिकोणबाट परिपूरणका लागि गरिएका खास सिफारिसहरूको जानकारी गराउने उत्तम अवसर हो । आयोगले विश्वभरीका विभिन्न आयोगहरुका राम्रा उदाहरणहरूबाट उत्प्रेरणा लिनसक्छ, किनभने केही सत्य आयोगहरूले एउटा छुट्टै परिच्छेदमा लैङ्गिक विषयलाई समावेश गरेका छन् भने अन्य केही आयोगहरुले लैङ्गिकतालाई अन्तरसम्बन्धित विषयका रुपमा प्रतिवेदनका सबै परिच्छेदहरुमा समावेश गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घीय दण्डहीनता सम्बन्धी सिद्धान्तको सिद्धान्त नं. १३ ले सत्य आयोगको प्रतिवेदन प्रकाशन गरिनु पर्ने कुरा उल्लेख गरेको छ । जस अनुसार "सुरक्षाका कारणले वा साक्षी तथा आयोगका सदस्यहरूमाथिको दवाब नकार्न आयोगको कार्यविवरणमा आफ्नो छानविनका केही सान्दर्भिक अंशहरू गोप्य रहने पनि उल्लेख गर्न सकिन्छ । अर्कोतर्फ, आयोगको अन्तिम प्रतिवेदन पूर्ण रुपमा सार्वजनिक गरी सम्भव भएसम्म व्यापक रुपमा प्रचारप्रसार गरिनेछ ।"

सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐनले अन्तर्राष्ट्रिय मापदण्डअनुरुप प्रतिवेदनमा समावेश गरिनु पर्ने धेरै आवश्यक पक्षहरू समावेश गरेको छ ।[59] उदाहरणका लागि, यस अनुसार प्रतिवेदनमा अनुसन्धान गरिएका उजुरीहरु, आयोगले स्थगित गरेका कार्यविधिहरु, अनुसन्धानबाट जानकारीमा आएको सत्यतथ्य विवरण, सशस्त्र द्वन्द्वको कारक तत्व र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिन गर्नु पर्ने आवश्यक नीतिगत, कानुनी, संस्थागत, प्रशासनिक र व्यवहारिक सुधारहरूसम्बन्धी विवरण समेत समावेश हुनुपर्छ । साथै प्रतिवेदनमा मानवअधिकार उल्लङ्घनका घटनाहरू निम्त्याउने पृष्ठभूमि, परिस्थिति, कारकतत्व र सन्दर्भलाई स्थापित गर्न पनि विशेष ध्यान दिनुका साथै संस्था, संरचना, नीति तथा अभ्यासहरू र महिलाहरूले सामना गरेका चुनौतीहरूको विश्लेषण पनि समावेश हुनुपर्छ ।

प्रतिवेदन आम नागरिकहरु समक्ष कसरी प्रचारप्रसार गरिनेछ भन्ने कुरा सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी कानुनमा उल्लेख गरिएको छैन । तथापि, पीडित तथा प्रभावितहरूको संरक्षण गर्नका लागि आवश्यक सम्पादनसहित अन्तिम प्रतिवेदनलाई व्यापक रुपमा प्रचारप्रसार गरिने कुरा आयोगले सुनिश्चित गर्नुपर्छ, जसले गर्दा सत्यमा आम नागरिकको पहुँच बढ्न गई प्रतिवेदनको कार्यान्वयनका लागि सार्वजनिक समर्थन जुटाउने काम समेत गर्नेछ । विशेष आवश्यकता भएका, अपाङ्गता भएका, सीमान्तीकृत समूहका व्यक्ति, निरक्षर र आदिवासी भाषा बोल्ने व्यक्तिहरूको प्रतिवेदनमा पहुँच सुनिश्चित गर्न विशेष ध्यान

57 स्थानीय शान्ति समितिको स्थापना नेपालको सबै ७५ जिल्लामा भएको थियो । प्रारम्भिक रुपमा समितिको स्थापना राष्ट्रिय शान्ति सम्झौताहरुलाई स्थानीय रुपमा लागु गर्न जनतालाई एउटा साझा फोरम उपलब्ध गराई शान्तिलाई दिगो बनाउने उद्देश्यका साथ भएको थियो । द्वन्द्वको समयमा भएका मानवअधिकार उल्लङ्घनका बारेमा सत्य निरुपण तथा मेलमिलाप आयोगले आवेदन आह्वान गर्दा, विभिन्न जिल्लाबाट द्वन्द्वका घटनाहरु संकलन गर्न आयोगले ती समितिहरुको प्रयोग गऱ्यो ।

58 निरुपण, जुलाई २०१६, कानुन अध्ययन केन्द्र ।

59 दफा २७, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन, २०७१ ।

दिनुपर्छ । प्रतिवेदनको बालमैत्री संस्करण पनि उपलब्ध गराइनुपर्छ : उदाहरणका लागि सिरिया लियोनमा, यौनजन्य हिंसाका धेरै पीडितहरू वयश्क बालिकाहरू थिए र आयोगले प्रतिवेदनको बालमैत्री संस्करण प्रकाशित गरेको थियो ।[60] त्यसैगरी, टिमोर-लेस्टेको आयोगले प्रतिवेदनको व्यापक प्रचारप्रसारका लागि प्रतिवेदनसम्बन्धी एउटा रेडियो कार्यक्रम र छुट्टै दृष्य संस्करण (Video Version) सार्वजनिक गरेको थियो ।[61] यी राम्रा अभ्यासहरूलाई नेपाली परिवेश र सन्दर्भ अनुकूलन अवलम्वन र परिमार्जन गरी लागु गर्नुपर्छ ।

## निष्कर्ष तथा सिफारिस

सङ्क्रमणकालीन न्यायसम्बन्धी विद्यमान कानुन लैङ्गिकता र महिलाको मानवअधिकारसम्बन्धी सवालहरू लगायत अन्तर्राष्ट्रिय कानुनको पालना गर्न असफल भएको छ। सरकारले पनि नेपालको सर्वोच्च अदालतका आदेशहरूको उपेक्षा गर्दै कानुनको महत्वपूर्ण प्रावधानहरूको संशोधन गर्न सकेको छैन । सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐनलाई अन्तर्राष्ट्रिय मापदण्ड र नेपालको सर्वोच्च अदालतको आदेश अनुरुप संशोधन गरी सङ्क्रमणकालीन न्याय प्रक्रियालाई सही मार्गमा ल्याउन सरकारले कदम चाल्नुपर्छ। विशेषगरी, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनका साथै सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका नियमावलीहरूमा संशोधन गरि र माथि उल्लेख गरिएअनुसार दुवै आयोगहरूको कार्यसञ्चालन र व्यवस्थापनमा लैङ्गिक अवधारणा अवलम्बन गरेर यस प्रक्रियालाई अझ बढी लैङ्गिक रुपमा संवेदनशील बनाइनुपर्छ ।

माथि गरिएको विश्लेषणको आधारमा इन्टरनेशनल कमिशन अफ जुरिष्ट्सले देहाय अनुसारका सिफारिसहरू प्रस्तुत गर्दछ:

**(क) नेपालका सरकारका लागि :**

१. सर्वोच्च अदालतको आदेश र नेपालको अन्तर्राष्ट्रिय कानुन अन्तर्गतको दायित्व अनुरुप सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनमा संशोधन गर्ने;

२. सो ऐनको संशोधन गर्दा सहभागितामूलक र परामर्शजन्य प्रक्रिया अवलम्वन गरिने कुराको सुनिश्चितता गर्ने;

३. अन्ततः लैङ्गिक समता हासिल गर्ने उद्देश्यका साथ सिफारिस समितिहरूको गठन, दुवै आयोगका सदस्यहरुको नियुक्ति तथा सबै तहका कर्मचारीहरूको नियुक्ति लगायत सबै स्तरका नियुक्ति तथा मनोनयनमा महिलाको सहभागिता सुनिश्चित गर्ने;

४. आयोगहरूको सञ्चालनमा लैङ्गिक विषयहरूको सम्वोधन गर्ने क्षमता अभिवृद्धि गर्न दुवै आयोगका सदस्यहरु र आयोगका कर्मचारीहरूलाई लैङ्गिक संवेदनशिलतासम्बन्धी तालिम प्रदान गर्ने;

[60] Truth and Reconciliation Commission Report for the Children of Sierra Leone, 2004, available at: https://www.unicef.org/infobycountry/files/TRCCF9SeptFINAL.pdf.

[61] Timor-Leste Commission for Reception, Truth and Reconciliation, Road to Peace, 2005.

५. सबै पीडितहरूका लागि न्याय सुनिश्चित गर्नको लागि सशस्त्र द्वन्द्वको समयमा भएका बलात्कार र अन्य यौनजन्य हिंसाका घटनाको सम्बन्धमा उजुरी दायर गर्ने हदम्याद सम्बन्धी व्यवस्था हटाउन मुलुकी अपराध संहितामा संशोधन गर्न सबै आवश्यक कदम चाल्ने;

६. बलात्कार र अन्य यौनजन्य हिंसा लगायत मानवअधिकारको गम्भीर उल्लङ्घनका घटनाहरुमा फौजदारी जवाफदेहीतालाई प्रतिस्थापन गर्ने गरी आममाफी र मेलमिलापको प्रयोग नगरिने कुराको सुनिश्चिता गर्ने ।

**(ख) आयोगहरूका लागि :**

७. आयोगहरूको कार्यादेशको व्याख्या र प्रयोग, पीडक विरुद्ध अभियोजन र पीडितहरूका लागि परिपूरण लगायतका सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको कामको सबै पक्षमा लैङ्गिक उत्तरदायी अवधारणा अवलम्बन गर्ने;

८. सशस्त्र द्वन्द्वको क्रममा महिलाहरूले भोग्नु परेको अनुभवलाई उनीहरूले भोगेका शारीरिक क्षतिमा मात्र सीमित नगरी द्वन्द्वको समयमा भएको संरचनागत लैङ्गिक पूर्वाग्रह र त्यसका परिणामहरूलाई पनि ध्यान दिने अवधारणा आयोगको काममा अवलम्बन गर्ने;

९. बयान लिने, पीडित र साक्षीको सुरक्षा लगायतका अनुसन्धानका कार्यविधीहरु तथा आयोगका अन्य क्रियाकलापहरूमा लैङ्गिकमैत्री कार्यविधिहरूको निर्माण तथा सोको कार्यान्वयन गर्ने;

१०. महिला पीडितहरूको विशेष आवश्यकताहरूको सम्बोधन गर्न विशेष परिपूरण नीतिको निर्माण गर्ने तथा सोको कार्यान्वयन गर्ने;

११. सशस्त्र द्वन्द्वको लैङ्गिक पक्षहरू र त्यसका कारण तथा परिणामहरू दुवै आयोगहरूको अन्तिम प्रतिवेदनमा समावेश गरी विश्लेषण गरिएको सुनिश्चित गर्ने; र

१२. सत्य, विशेषगरी महिलाहरू सम्बन्धी सत्य, बारे बृहत जनसमुदायलाई जानकारी दिलाउनको लागि आयोगहरूको अन्तिम प्रतिवेदनको सकेसम्म व्यापक प्रचारप्रसार भएको सुनिश्चित गर्न आवश्यक कदम चाल्ने ।

♣♣♣♣

## Commission Members

March 2021 (for an updated list, please visit www.icj.org/commission)

**President:**

Prof. Robert Goldman, United States

**Vice-Presidents:**

Prof. Carlos Ayala, Venezuela

Justice Radmila Dragicevic-Dicic, Serbia

**Executive Committee:**

Justice Sir Nicolas Bratza, UK

Dame Silvia Cartwright, New Zealand

(Chair) Ms Roberta Clarke, Barbados-Canada

Mr. Shawan Jabarin, Palestine

Ms Hina Jilani, Pakistan

Justice Sanji Monageng, Botswana

Mr Belisário dos Santos Júnior, Brazil

**Other Commission Members:**

Professor Kyong-Wahn Ahn, Republic of Korea

Justice Chinara Aidarbekova, Kyrgyzstan

Justice Adolfo Azcuna, Philippines

Ms Hadeel Abdel Aziz, Jordan

Mr Reed Brody, United States

Justice Azhar Cachalia, South Africa

Prof. Miguel Carbonell, Mexico

Justice Moses Chinhengo, Zimbabwe

Prof. Sarah Cleveland, United States

Justice Martine Comte, France

Mr Marzen Darwish, Syria

Mr Gamal Eid, Egypt

Mr Roberto Garretón, Chile

Ms Nahla Haidar El Addal, Lebanon

Prof. Michelo Hansungule, Zambia

Ms Gulnora Ishankanova, Uzbekistan

Ms Imrana Jalal, Fiji

Justice Kalthoum Kennou, Tunisia

Ms Jamesina Essie L. King, Sierra Leone

Prof. César Landa, Peru

Justice Qinisile Mabuza, Swaziland

Justice José Antonio Martín Pallín, Spain

Prof. Juan Méndez, Argentina

Justice Charles Mkandawire, Malawi

Justice Yvonne Mokgoro, South Africa

Justice Tamara Morschakova, Russia

Justice Willly Mutunga, Kenya

Justice Egbert Myjer, Netherlands

Justice John Lawrence O’Meally, Australia

Ms Mikiko Otani, Japan

Justice Fatsah Ouguergouz, Algeria

Dr Jarna Petman, Finland

Prof. Mónica Pinto, Argentina

Prof. Victor Rodriguez Rescia, Costa Rica

Mr Alejandro Salinas Rivera, Chile

Mr Michael Sfard, Israel

Prof. Marco Sassoli, Italy-Switzerland

Justice Ajit Prakash Shah, India

Justice Kalyan Shrestha, Nepal

Ms Ambiga Sreenevasan, Malaysia

Justice Marwan Tashani, Libya

Mr Wilder Tayler, Uruguay

Justice Philippe Texier, France

Justice Lillian Tibatemwa-Ekirikubinza, Uganda

Justice Stefan Trechsel, Switzerland

Prof. Rodrigo Uprimny Yepes, Colombia

International
Commission
of Jurists